नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३०८ दायर मितिः-२०८१/१२/१४**

**फैसला मितिः-२०८१/१२/३१**

**वादी**

**अतिउल्लाह अंसारीको जाहेरीले**

**नेपाल सरकार.........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१३ मुर्ली टोल बस्ने मोहमद सरिफ अंसारीको छोरा वर्ष २३ को अजमत अली अंसारी ..........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरीअभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरीअभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरीअभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरीअभद्र व्यवहार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका आयुष गुप्ता समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादी अजमत अली अंसारी पहिला देखिनै मेरो छोरी मोवाजमा खातुनलाई जिस्काउदै आईरहेकोमा मिति २०८१।११।२० गते अं.०८:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.१५ भिष्वा टोल स्थित म जाहेरवालाको घर अगाडी निज प्रतिवादीलाई फेला पारी सम्झाउन खोज्दा निजले मलाई अश्लिल गाली गलौज गर्दै घाटी समाती अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही होस् भन्ने समेत व्यहोराको अतिउल्लाह अंसारीको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवालाको छोरीलाई जिस्काएको सम्बन्धमा प्रतिवादीलाई फेला पारी सम्झाउन खोज्दा प्रतिवादीले अश्लिल गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी अजमत अंसारीलाई कैद दिन ८, जरिवाना रु.५००/- अक्षरेपी पाँच सय र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षरेपी दुई सय मात्र हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी अजमत अंसारीलाई ठहरेको कैद दिन ८ को हकमा निज मिति २०८१/१२/०६ देखि २०८१/१२/१३ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.२७५/२०८१/१२/१५ बाट दाखिला गरेको धरौटी रकम रु.७००/- बाट जरिवाना रकम रु.५००/- र क्षतिपूर्ती शुल्क रु.२००/- कट्टी गरी मिनाहा गर्नु ----------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना ३१ गते आईतवार रोज १/ ने.सं. ११४५ चौलाथ्व पुन्ही, शुभम् .......